तथ्य पत्र १

# घरेलु, पारिवारिक र यौनिक हिंसाको पहिचान गर्ने

**महिलाहरु र तिनीहरुका बालबालिकाहरुले धेरै फरक स्वरुपहरुमा हिंसा र दुर्व्यवहार अनुभव गर्न सक्छन्। यस्ता व्यवहार मुख्यतया पुरुषहरुले गर्छन् भनी तथ्याङ्कले देखाउँछ।**

**घरेलु, पारिवारिक र यौनिक हिंसा (DFSV) भोगिरहेका व्यक्तिहरु र परिवारहरुलाई प्रभावकारीरुपले पहिचान गर्न, मद्धत गर्न र  आवश्यकता अनुसार कदम चाल्नको लागि तपाईलाई सहयोग पुर्याउन, त्यो के हो र सहयोग गर्नको लागि तपाईले के गर्न सक्नुहुन्छ भनी थाहा पाउन आवश्यक छ।**

## घरेलु, पारिवारिक र यौनिक हिंसा के हो?

घरेलु र पारिवारिक हिंसा भनेको पार्टनर (पति, पत्नि सङ्गै बसेका), पूर्व पार्टनर, पीडितसङ्ग अति घनिष्ठ सम्वन्ध राखेका कोही व्यक्ति, वा महिलाका अघिल्ला पछिल्ला पुस्ता लगायतका पारिवारिक सदस्यले गर्ने दुर्व्यवहार हो, जुन पीडितलाई नियन्त्रण गर्न वा तर्साउन गरिन्छ।

### त्यो शारिरीक मात्र हैन

घरेलु हिंसामा निम्न लगायत पर्न सक्छन्:

- चोटपटक पार्ने शारिरीक हिंसा–पिट्नु, टोक्नु, धकेल्नु, लात हान्नु, घाँटि थिच्नु
- यौनिक हिंसा – कसैलाई यौन सम्पर्क राख्न दबाव दिनु। यसमा बलात्कार र यौनिक आक्रमण, हाडनाताकरणी र बाल यौनिक दुर्व्यवहार लगायत पर्न सक्छन्।
- भावानात्मक वा  मनोबैज्ञानिक दुर्व्यवहार–पार्टनरलाई अपमानजनक ढङ्गले नाम लिएर बोलाउनु वा सार्वजनिकरुपले लज्जित तुल्याउनु
- मौखिक दुर्व्यवहार – पार्टनरलाई चिच्याउनु, गालि गर्नु वा लगातार आलोचना गर्नु
- सामाजिक दुर्व्यवहार–कसैलाई एक्ल्याउनु र साथिहरु र परिवार भेट्नबाट रोक्नु
- आध्यात्मिक दुर्व्यवहार–कसैलाई नियन्त्रण गर्न र हैकम चलाउन, आध्यात्मिक वा धार्मिक आस्थाहरु प्रयोग गर्नु वा मान्न र अभ्यास गर्न नदिनु
- सम्पतिमा क्षति – नियन्त्रण गर्नको लागि तर्साउनु, धम्क्याउनु वा अपमान गर्नु
- आर्थिक दुर्व्यवहार – पैसा चलाउनमा नियन्त्रण  गर्नु वा पैसाको अति आवश्यक पर्दा पनि नदिनु
- हानी गर्नको लागि धम्क्याउनु – घरपालुवा जनावार र बालबालिकाहरु लगायत
- पिछा गर्नु – आमने सामने हुँदा वा अनलाईन मार्फत कसैको इच्छा विरुद्ध पछि लाग्नु
- कार्यस्थल र सार्वजनिक स्थानमा यौनिक उत्पीडन र धम्कि दिनु
- महिलाको योनिको बाहिरी अङ्गहरु काट्नु (Female genital mutilation)
- जबर्जस्ति विवाह र बाल विवाह गर्नु वा गराउनु
- तथाकथित ‘सम्मान’ सम्वन्धित अपराधहरु – महिलाले परिवारको बदनाम गर्ने किसिमले  कार्य गर्यो भन्ने धारणामा आधारित मानेर महिलालाई नियन्त्रण गर्न, हिंसा र डर समावेश गर्नु
- दाइजो सम्वन्धित दुर्व्यवहार – जहाँ उपहार दिइएको दाइजोसङ्ग दुलहा र/वा उसको परिवार असन्तुष्ट भएको मानिन्छ। परिणामस्वरुप विवाह हुनु अघि, विवाह भइरहेको बखत र पछि दुलहीलाई उत्पीडन दिइएको हुन सक्छ र दुर्व्यवहार र हिंसा मार्फत दाइजो बढाउन दबाव दिइन्छ। अत्यन्तै चरम केसमा यसले मृत्यु गराउन सक्छ।

## कानून अन्तर्गत

सुरक्षित भएर बस्ने र सम्मानपूर्वक व्यवहार पाउने अधिकार सबैसङ्ग छ। अष्ट्रेलियको कानूनले पुरुष र महिलालाई समान व्यवहार गर्छ। घरेलु, पारिवारिक र यौनिक हिंसालाई कानून विरुद्धको अपराधहरु मानिन्छ र स्वीकार गरिंदैन।

साउथ अष्ट्रेलियामा, कानून अन्तर्गत, घरेलु, पारिवारिक र यौनिक हिंसाका पीडकहरुलाई आक्रमणको वा यदि चोटपटकले पीडा दिएको छ भने हानी पुर्याएको मुद्धा लाग्न सक्छ।

## यदि कसैले घरेलु, पारिवारिक र यौनिक हिंसा भोगिरहेका छन् भनेर मैले कसरी बताउन सक्छु?

घरेलु, पारिवारिक र यौनिक हिंसाले पीडितहरु, तिनीहरुका बालबालिकाहरु, परिवार र साथिहरुलाई क्षति पुर्याइरहेका छन्। यो कुनै उमेर, वर्ग, यौन झुकाव, क्षमता, जातीयता, लिङ्ग वा धर्म जे भए पनि जोसुकैलाई हुनसक्छ ।

महिलाले घरेलु, पारिवारिक र यौनिक हिंसा भोगिरहेका केही लक्षणहरु निम्न लगायत पर्दछन्:

- कुनै कारण बिना अकस्मात बाहिर जानबाट रोकिनु
- खास व्यक्तिलाई रिस उठायो भनी अति चिन्ता लिनु
- कसैको नकारात्मक व्यवहारको लागि धेरै बहानाहरु बनाउनु
- महिलाको शरीरमा निसानहरु र चोटपटक हुनु तर त्यसको खास कारणहरु नबताइनु
- साथिहरु र परिवारसङ्ग समय बिताउनबाट रोकिनु
- विशेष व्यक्तिसङ्ग डराएको वा होशियार भएको देखिनु
- तिनीहरुलाई केही तरीकाहरु अपनाएर निगरानी गरिएको, पिछा गरिएको वा नियन्त्रित गरिएकोले चिन्तित भएको देखिनु।

## हिंसात्मक वा दुर्व्यवहारका लक्षणहरु के हुन्?

हिंसा र दुर्व्यवहार गर्ने पीडकले निम्न कार्य गर्न सक्छन्:

- तिनीहरुका श्रीमती / गर्लफ्रेण्ड / पार्टनरलाई त्रसित बनाउने कृयाकलाप गर्ने
- तिनीहरुका श्रीमती / गर्लफ्रेण्ड / पार्टनरलाई सधैंभरि तल पार्ने
- तिनीहरुका श्रीमती / गर्लफ्रेण्ड / पार्टनरलाई हानी गर्नको लागि धम्क्याउने
- तिनीहरुका श्रीमती / गर्लफ्रेण्ड / पार्टनरलाई निम्न लगायत नियन्त्रण गर्ने:
    - उनीहरु कहाँ जान्छन्
    - उनीहरुले कसलाई भेट्छन् वा कोसङ्ग कुराकानी गर्छन्
    - उनीहरुको पैसा के हुन्छ
    - उनीहरुको फोन, कार, वा कम्प्युटर उनीहरुले कसरी र कहिले प्रयोग गर्न सक्छन्
    - उनीहरुले कसरी व्यवहार गर्न सक्छन् भनी धेरै नियमहरु बनाउने
    - यदि महिलाले नियमहरु पालना गरेन भने रिसाउने ।

## अर्को कदम चाल्ने

घरेलु, पारिवारिक र यौनिक हिंसा कुनै पनि समूह वा संस्कृतिमा स्वीकार्य हुँदैन। तपाईले घरेलु, पारिवारिक र यौनिक हिंसा हुनबाट रोक्न र सोही अनुसार सम्बोधन गर्न साथै महिलाहरु र बालबालिकाहरु सुरक्षित राख्न, मुख्य भूमिका खेल्न सक्नुहुन्छ।

कसैले घरेलु, पारिवारिक र यौनिक हिंसा भोगिरहेका छन् भनी थाहा पाउन समय लिएर उनीहरुको कुरा सुन्नुहोस् र उनीहरुलाई सहयोग गर्नुहोस्।

थप जानकारी
1800RESPECT (1800 737 732) वा
www.1800RESPECT.org.au मा उपलब्ध छ।

**आपतकालिन स्थितिमा वा यदि कोही खतरामा हुनुहुन्छ भने तुरुन्तै 000 (तिन शुन्य) मा फोन गर्नुहोस्।**

यो घरेलु पारिवारिक र यौनिक हिंसा बारेको ४ तथ्य पत्रहरु मध्ये एक हो। घरेलु, पारिवारिक र यौनिक हिंसा भोगिरहेका कसैलाई सहयोग गर्न तपाईले के गर्न सक्नुहुन्छ भन्ने थप जानकारी तथ्य पत्र २ मा उपलब्ध छ। लैङ्गिक समानता र सम्मान प्रबर्द्धनको बारे थाहा पाउन तथ्य पत्रहरु ३ र ४ हेर्नुहोस्।